# भरतपुर महानगरपालिका शिक्षा (प्रथम संशोधन) ऐन, २०७६

**नगर सभाबाट स्वीकृत मिति : २०७६।०३।१८**

**प्रमाणीकरण मिति : २०७६।०४।०१**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम भरपुर महानगरपालिका शिक्षा (पहिलो संशोधन) ऐन, २०७६ रहेको छ ।

२. ऐनको दफा २ को (ण) पछि देहायको (ण१) थप गरिएको छ : (ण१) "सहकारी विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम सहकारीका रुपमा दर्ता भएका संस्थाबाट मुनाफा नलिने उद्देश्यले संचालन हुने वा भएको विद्यालय संम्झनुपर्छ ।

३. नगर शिक्षा अधिकारी भन्नाले भरतपुर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाको प्रमुख वा प्रमुखको कामजकाज गर्न तोकिएको अधिकारीलाई सम्म्झनुपर्छ ।

४. दफा ३ को उपदफा (१) मा कक्षा थप र तह थप पछि तथा विषय थप एवम् वडाको सिफारिश सहित भन्ने शब्द पछि कक्षा एकदेखि दशसम्म माघ मसान्त भित्र र कक्षा एघार तथा बाह्रका लागि वैसाख मसान्तसम्म भन्ने वाक्य थप गरिएको छ ।

५. दफा ४ को उपदफा (२) मा शुरुमा दूर शिक्षा भन्ने शब्द थप गरिएको छ ।

६. दफा ५ को उपदफा (१) को (क) को आधारभूत शिक्षाभित्र (२) पछि देहायको (३) संस्कृत शिक्षा थप गरिएको छ । त्यसै गरी दफा ५ को उपदफा (१) को (ख) को माध्यमिक शिक्षामा (३) पछि देहायको (४) संस्कृत शिक्षा थप गरिएको छ ।

७. दफा ८ को उपदफा (३) मा समितिले भन्ने शब्द पछि आवश्यकता अनुसार शिक्षक भन्ने शब्द थप गरिएको छ ।

८. दफा ८ उपदफा (४) को खण्ड (ण) विशेष शिक्षा अघि दूर शिक्षा थप गरिएको छ । त्यसै गरी उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएकोछ : (५) नगर शिक्षा समितिको वैठकको प्रमाणीकरण अध्यक्षले गर्नेछ ।

९. दफा ८ पछि देहायको दफा ८क. थप गर्ने : ८क. अधिकार प्रत्यायोजन : नगर शिक्षा समितिले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्यसचिव वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. दफा १० को उपदफा (३) को (घ) पछि देहायको (घ१) थप गरिएको छ : (घ१) सामुदायिक माध्यमिक तहका स्थायी शिक्षकमध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको १ जना महिला शिक्षक सदस्य भन्ने थप गरिएकोछ ।

११. दफा १० को उपदफा (७) को (झ) मा रहेको दैवी प्रकोप भन्ने शब्दको सट्टा प्राकृतिक प्रकोपबाट भन्ने शब्द कायम गरिएकोछ ।

१२. सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको वैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ भन्ने शब्द थप गरिएको छ ।

१३. दफा १२(७) (क) मा रहेको अध्यक्ष भन्ने शब्दपछि रहेको नगरपालिकाले भन्ने शब्दको सट्टा नगर शिक्षा अधिकारीले भन्ने गरिएको छ ।

१४. दफा १२ को उपदफा (९) खण्ड (ण) हटाइएको छ ।

१५. दफा १२ को उपदफा (१०) को (ण) पछि देहायको (त) थप गरिएकोछ : (त) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तक पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले स्वीकृत गरेका पाठ्यपुस्तकको सूचीमध्येबाट नगर शिक्षा अधिकारीको स्वीकृति लिनुपर्नेछ ।

१६. दफा १९ को उपदफा (१) मा रहेको नगरपालिकाले नगर शिक्षा समितिको राय लिई भन्ने शब्दको सट्टा सम्बन्धित वडाको सिफारिशमा नगर शिक्षा समितिले भन्ने शब्द राखिएको छ ।

१७. दफा २० को उपदफा (२) मा रहेको महाशाखा प्रमुखले भन्ने शब्दको सट्टा नगर शिक्षा अधिकारीले भन्ने गरिएको र प्रतिवन्धात्मक वाक्यांशमा रहेको नगर शिक्षा समितिको निर्णयबमोजिम भन्ने शब्द झिकिएको छ ।

१८. दफा २१ को उपदफा (३) पछि देहायको दफा (४) र (५) थप गर्ने : (४) महानगरपालिकाले आवश्यक ठानेमा कार्यविधि तयार गरी महानगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयमा रिक्त पदमा शिक्षक करार नियुक्ति गर्न वार्षिकरुपमा खुला विज्ञापन गरी आवश्यकताअनुसारको अस्थायी करार सूची तयार गर्न र नियुक्तिका लागि सिफारिश गर्न बाधा पर्ने छैन ।

(५) शिक्षक सेवा आयोगको अस्थायी करार सूचीमा रहेका शिक्षकलाई नियुक्तिको लागि प्राथमिकता दिइनेछ ।

१९. दफा २४ को उपदफा (१) को सट्टा देहायको (१) राखिएकोछ : (१) नगरपालिकाले सामुदायिक विद्यालय र गुठी, कम्पनी तथा सहकारी अन्तर्गत संचालित विद्यालयहरु विच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

२०. दफा ३० को उपदफा (२) को प्रथम वाक्यमा रहेको तोकिनेछ भन्ने शब्दको सट्टा तोकिएबमोजिम हुनेछ गरिएको छ ।

२१. दफा ३६ पछि देहायबमोजिमको दफा ३६क र ३६ख. थप गर्ने: **३६क. दण्ड र सजाय** : (१) ऐनको दफा ३० को उपदफा (३) को कारवाही प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनको परिपालन नगरेमा नगर शिक्षा अधिकारीले रु १ हजारदेखि रु. २५ सम्म जरिवाना गर्न सक्नेछ

**दफा३६ख. पुनरावेदन गर्न सकिने**

ऐनको दफा ३६क. उपदफा (२) बमोजिमको सजायमा चित्त नबुझेमा ३५ दिनभित्र नगर कार्यपालिकामा पुनरावेदन दिन सकिनेछ ।

२२. दफा २९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ : (२) यस ऐन वा अन्तर्गत बनेका नियम कानुन अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

---

द्रष्टव्य : यस ऐनमा ठाउँ ठाउँमा प्रयोग गरिएका देहायका शब्दको सट्टा देहायबमोजिम हुनेगरी रुपान्तरण गरिएकोछ :

(१) महाशाखा प्रमुखको सट्टा नगर शिक्षा अधिकारी गरिएको ।

(२) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको सट्टा आधारभूत तह परीक्षा समिति गरिएको ।

प्रमुख